नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४५१४३९१
पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

## प्रेस विज्ञप्ती- ८

### "दुग्ध विकास संस्थान हेटौडा आयोजनाको रकम हिनामिना गरी ठगी गर्ने पक्राउ"

प्रस्तुत बिषयमा दुग्ध बिकास संस्थान मातहतको हेटौडा दुग्ध वितरण आयोजनाबाट उत्पादित दुध तथा दुधजन्य पदार्थ वीरगंज क्षेत्रमा दैनिक ढुवानी, बिक्री बितरण तथा कारोबार गरी सोको दैनिक रुपमा संस्थानको खातामा दाखिला गर्ने गरी देवेन्द्र तेल उद्योग, वीरगंजका प्रोपाईटर देवेन्द्र प्रसाद चौरासियासँग डिष्ट्रिब्युटर सेवा खरिद गरे पछि उक्त देवेन्द्र तेल उद्योग डिष्ट्रिव्युटरले आ.व.२०७३/२०७४ देखि आ.व.२०७८/२०७९ माघ मसान्त सम्म काम गरी आएकोमा सो अवधि भित्र बिक्री कारोबार गरे पश्चात रकम हेटौडा दुग्ध वितरण आयोजनाको सम्बन्धित बैंक खातामा दाखिला गर्नु पर्ने हुँदा आफ्नो नेपाल क्रेडिट एण्ड कमर्सियल बैंक लि. को बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी चेकमार्फत उक्त आयोजनाको सम्बन्धित बैंक खातामा जम्मा हुने गरी २०७३ साल भाद्र महिना देखि २०७८ साल माघ मसान्त सम्म दुध तथा दुधजन्य पदार्थ विक्री विरतण गरे वापतको रकम विभिन्न मितिमा ४६ पटक सम्म कुल जम्मा रु.१,२०,००,०००।– (एक करोड बीस लाख रुपैया) रकम दाखिला गरेको बैंक भौचर (Deposit Slip) हरु हेटौडा दुग्ध वितरण आयोजनामा पेश गरेको तर बैंक भौचर तथा नगद रसिद सहितको बैंक आम्दानी हिसाब भिडान गरी पुन: Bank Reconcile स्टेटमेन्ट अनुसार बैंक खातामा निजको खाताबाट रकम दाखिला नभई फरक देखिन आएकोले निज देवेन्द्र प्रसाद चौरासियाले बदनियतपुर्वक संस्थानलाई हानी नोक्सानी र आफुलाई फाइदा हुने गरी रकम हिनामिना गरि ठगी गरेको देखिएको हुँदा आवश्यक कारवाही गरी पाउँ भनि दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालयको जाहेरी दरखास्त प्राप्त भएकोले यस ब्यूरोबाट खटिई गएको प्रहरी टोलीले निज देवेन्द्र प्रसाद चौरासियालाई मिति २०७९/०४/१२ गते पर्सा जिल्ला वीरगंज म.न.पा.वडा नं.१० आदर्शनगरबाट पक्राउ गरी सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन-४ (चार) म्याद लिई ठगी सम्बन्धी कसूर मुद्दामा अनुसन्धान भईरहेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ व्यक्तिको विवरण :**



१) नामथर: देवेन्द्र प्रसाद चौरासिया
   उमेर: ५२ बर्ष
   ठेगाना: पर्सा जिल्ला साविक अमरपट्टी गा.वि.स. वडा नं. ७
   हाल वीरगंज म.न.पा.वडा नं.१० आदर्शनगर।
   पक्राउ मिति:- २०७९/०४/१२ गते।
   पक्राउ स्थान: आदर्शनगर, पर्सा ।
   हैसियत:- देवेन्द्र तेल उद्योग, वीरगंजको प्रोपाईटर।

मिति: २०७९/०४/१५ गते।

प्रहरी उपरीक्षक
(श्याम कुमार महतो)
प्रवक्ता एवं सूचना अधिकारी
(सम्पर्क नम्बर ९८५१२९१३११)